# भन्सार समाचार
## Customs News

भन्सार र वातावरण हाम्रो प्राकृतिक सम्पदाहरूको संरक्षण गरौँ (Customs and the environment : protecting our natural heritage)

वर्ष - १ अङ्क-८ २०६६ साल असोज १५ ( October 2009) मासिक


# अर्थमन्त्रीबाट मेची भन्सार निरीक्षणःसदाचार कायम राख्न निर्देशन

अर्थमन्त्री सुरेन्द्र पाण्डेले भाद्र १५ गते मेची भन्सार कार्यालयको निरीक्षण गर्नु भयो।निरीक्षण भ्रमणमा राजस्व सचिव कृष्णहरि बाँस्कोटा, सशस्त्र प्रहरी बलका प्रहरी अतिरिक्त महानिरीक्षक कोषराज वन्त, राजस्व अनुसन्धान विभागका महानिर्देशक टंकमणी शर्मा, भन्सार विभागका महानिर्देशक बोधराज निरौला, आन्तरिक राजस्व विभागका महानिर्देशक शान्त बहादुर श्रेष्ठ, झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज दाहालका साथै जिल्लाका सुरक्षा निकाय र राजस्व कार्यालयका प्रमुखहरूको उपस्थिति थियो। निरीक्षणको क्रममा मन्त्री पाण्डेले मेची भन्सार कार्यालयले गत आर्थिक वर्ष लक्ष्य अनुसार प्रगति हासिल गरेकोमा कर्मचारीहरूलाई



धन्यवाद दिनुभयो। नबिराउनु नडराउनु भन्ने उखान उल्लेख गर्दै राम्रो कार्य गर्नेलाई प्रोत्साहन गरिने र खराब काम गर्नेलाई दण्डित गरिने प्रतिबद्धता व्यक्त गर्नु भयो। कार्यालयको काम अत्यन्त निष्ठा एवं जिम्मेवारीपूर्वक दायित्व बहन गर्न निर्देशन दिनु भयो।कुनै पनि दवावमा परी गलत कार्य नगर्न र निष्पक्ष भई सही कार्य गर्नका साथै सदाचार पद्धतिलाई कडाइका साथ पालना गर्न समेत निर्देशन दिनु भयो।



निरीक्षणको क्रममा मन्त्री पाण्डेले भन्सार क्षेत्रमा निर्माण भइरहेको Inland Container Depot (ICD) भवन, यात्रु टर्मिनल भवन, मालबस्तु निरीक्षण सेड, गोदाम घर, यात्रु चेकपोस्ट, प्रहरी चेक पोष्ट लगायतका निर्माणाधिन भवनहरू तथा मेची पुल र यात्रु शाखाको अवलोकन गर्नु भयो।

राजस्व सचिव बाँस्कोटाले गत आर्थिक वर्षमा कार्यालयबाट भएको राजस्व असुली सन्तोषजनक रहेको उल्लेख गर्दै चालू वर्षको लक्ष्य हासिल गर्न थप प्रयास हुनु पर्ने, चोरी निकासी पैठारीलाई नियन्त्रण गर्न सक्रिय रहनु पर्ने धारणा व्यक्त गर्नु हुँदै सदाचार पद्धतिलाई कार्य तथा व्यवहारमा प्रभावकारी रुपमा उतार्न समेत निर्देशन दिनु भयो।

मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत डा. ज्ञानुराजा श्रेष्ठले भन्सार कार्यालयको स्थिति, *ICD* निर्माणको प्रगति समीक्षा, भन्सार जाँचपास प्रकृया, यात्रुशाखाको व्यवस्था, राजस्व लक्ष्य तथा असुली, राजस्व चुहावट नियन्त्रण, भन्सार आधुनिकीकरणका सम्बन्धमा गरिएका सुधार कार्यहरू, व्यापार सहजिकरण र भारतीय समकक्षि सँग समन्वयको लागि गरिएका प्रयासहरू साथै मन्त्रीले राख्नु भएको जिज्ञासाको विषयमा प्रष्ट पार्नुभयो।

# भन्सार प्रशासनको नयाँ सङ्गठनात्मक ढाँचा स्वीकृत

नेपाल सरकारले हालै भन्सार प्रशासनको नयाँ सङ्गठनात्मक ढाँचा स्वीकृत गरेको छ। सो अनुसार भन्सार कार्यालयहरूको सङ्गठनात्मक स्वरूप कार्यमूलक र अधिकृतमुखी हुने छ। यस अनुसार भन्सार कार्यालयहरूको सङ्गठनात्मक ढाँचा कार्यमूलक भएपछि हालको सबै कर्मचारीहरूले सबै प्रकारको काम गर्ने प्रचलन हटी विशिष्ट कर्मचारीहरूले विशिष्ट शाखाको काम गर्ने छन्। अधिकृतमुखी कार्यप्रणाली लागु भएपछि सहायक स्तरका भन्सार निरीक्षकहरूले भन्सार जाँचपासको लागि पेस भएका सामानहरूको भौतिक परीक्षण गरी दस्तखत गरेपछि मात्र भन्सार अधिकृतले जाँचपास गर्ने हालको व्यवस्थाको अन्त्य भइ कारोबार कर्ताले स्वयं महशुल निर्धारण गरी पेस गरेको प्रज्ञापनपत्र स्वचालित प्रणालीद्वारा विस्तृत परीक्षणको लागि छनौट गरेको अवस्थामा बाहेक भन्सार अधिकृतले सामानको भौतिक परीक्षण नै नगरी एकल अधिकार प्रयोग गरी तत्कालै जाँचपास गर्ने छन्। यसबाट भन्सार प्रकृया निकै सरल हुने छ भने करदाताले भन्सारमा बिताउनु पर्ने समयमा पनि उल्लेखनीय रूपमा कटौती हुने छ। यही प्रयोजनको लागि जाँचपास पछिको परीक्षणलाई पनि सक्रिय बनाइने छ। अन्तराष्ट्रिय व्यापारमा आएका परिवर्तनलाई आत्मसात् गर्ने जनशक्तिको आवश्यक भएको र चार वर्षे भन्सार कार्ययोजना (२००९ देखि २०१३) ले अङ्गीकार गरेको दूरदृष्टि, लक्ष्य, मूल्य, रणनीति, उद्देश्य र कार्यक्रमहरूलाई लागू गर्नुको लागि भन्सार विभाग र अन्तरगतका कार्यालयहरूको पुन संरचना गरी भन्सार प्रशासनलाई बढी प्रभावकारी बनाई अधिकृत मूलक भन्सार बनाउनु पर्ने र सो को लागि विभिन्न भन्सार कार्यालयमा भन्सार अधिकृतहरू दरबन्दी थप गर्ने पर्ने आवश्यकता महसुस भएको थियो। सोही अनुरूप भन्सार विभागले सङ्गठन र व्यवस्थापन अध्ययन गरि नयाँ ढाँचाको प्रस्ताव तयार गरेको थियो।

भन्सार समाचार
Customs News

प्रकाशक
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

प्रमुख सल्लाहकार
बोधराज निरौला

सल्लाहकार
लवराज श्रेष्ठ
डिकरदेव भट्ट
कुल राज ज्ञवाली

प्रधान सम्पादक
श्याम प्रसाद दाहाल

सम्पादक
नीरद रेग्मी

मुद्रण
सूचना प्रविधि तथा आधुनिकीकरण शाखा,
भन्सार विभाग,
काठमाण्डौ।
फो नं ४२५९७९१,
४२५९७९३
फ्याक्स ४२५९८०८
e-mail: it@customs.gov.np

स्वीकृत नयाँ ढाँचामा विभाग र अन्तर्गतका १६ वटा भन्सार कार्यालयहरूको वर्तमान दरबन्दीमा हेरफेर र थपघट गरिएको छ। आ.ब. २०६६।६७ को बजेट वक्तव्यमा समेत उल्लेख भए बमोजिम सबै भन्सार कार्यालयहरूलाई अधिकृत मुखी बनाई काममा प्रभावकारीता ल्याउन रा.प. प्रथम श्रेणीको १ पद थप, रा.प. द्वितीय श्रेणीको १२ पद थप र १ पद कटौती र रा.प. तृतीय श्रेणीका ४७ पद अधिकृत कर्मचारीहरूको दरबन्दी थप गरिएको छ। त्यसै गरी अन्य श्रेणीका १४१ पद कर्मचारीहरूको दरबन्दी थप र ३३१ पदको दरबन्दी कटौती गरिएको छ। त्रिभुवन विमानस्थल भन्सार कार्यालयको सन्दर्भमा देशका एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय भएको र यहाँ आउने विदेशी र स्वदेशी यात्रुहरूलाई छिटो, छरितो गुणस्तरीय सेवा प्रदान गर्नु पर्ने साथै २४ सै घण्टा कार्यरत रहनु पर्ने भएकोले प्रमुख भन्सार अधिकृत र अधिकृतको दरबन्दी थप गरिएको छ।कुनै पनि भन्सार कार्यालयको प्रमुख उपसचिव भन्दा तल्लो स्तरका हुने छैनन्।भारतीय सीमामा रहेका भन्सार कार्यालयहरूमा प्रमुख भन्सार अधिकृत दरबन्दी थप गर्दा भारतीय भन्सार कार्यालयसँग समन्वय गर्न र सीमानामा हुने अनधिकृत व्यापार नियन्त्रण, सीमा नियमन र जिल्ला स्थित अन्य कार्यालयहरूसँग समन्वयमा सहज हुने विश्वास लिइएको छ। रा.प.अनं. द्वितीय र तृतीय श्रेणीका खरिदार र मुखिया पदको दरबन्दी खारेज गरी उक्त दरबन्दी मध्ये १०० दरबन्दीबाट रा.प.अनं प्रथम श्रेणीका ना.सु. पदको दरबन्दीमा स्तर वृद्धि गरी पुल दरबन्दी कायम गरिने छ जसलाई भन्सार कार्यालयहरूमा कर्मचारी विदा बस्दा, अध्ययन तालिम आदिमा जाँदा उक्त स्थानमा काम गर्नुको लागि, विभिन्न छोटी भन्सारको कार्यमा हुने वृद्धि, विभिन्न भन्सार कार्यालयको काममा तत्काल आउने काम र कुनै विशेष काममा प्रयोग गरिने छ।

## पी.सी.ए. कार्यालय स्थापना गरिने

नेपाल सरकारले हालै स्वीकृत गरेको भन्सार प्रशासनको नयाँ सङ्गठनात्मक ढाँचा अनुसार अब चाँडै नै एउटा छुट्टै भन्सार जाँचपास परीक्षण कार्यालय (Post Clearance Audit Office) स्थापना गरिने भएको छ। यो भन्सार विभाग अन्तर्गत रहेन छ र यसमा विशेषज्ञ समेत २२ जना कर्मचारीहरू रहने छन्। भन्सार जाँचपास प्रणालीलाई छिटो छरितो बनाई भन्सार नाकामा हुने अत्यधिक व्यस्ततालाई कम गर्न छनौट छिटो छरितो रुपमा जाँचपास गर्ने र यस प्रकार जाँचपास गरिएपछि मालवस्तु एवं आयात कर्ताको छनौट गरी यस कार्यालयले विस्तृत परिक्षण गर्ने छ। यसबाट भन्सार नाकामा सामान नरोकिने भएकोले आयात कर्ताको लागत कम हुने र राजस्व चुहावट नियन्त्रणमा समेत ठूलो मद्दत पुग्न जानेछ। छनौट प्रणालीबाटजाँचपास प्रकृया प्रारम्भ भएपछि कार्यालयहरूमा कम जनशक्ति कार्य संचालन हुने र बिद्यमान जनशक्तिलाई चोरी निकासी पैठारी नियन्त्रणमा परिचालन गर्न सकिने छ।

हाल सम्म भन्सार जाँचपास परीक्षणको कार्य भन्सार विभागको मूल्याङ्कन शाखाले र सम्बन्धित भन्सार कार्यालयबाट सम्पादन गरी आएका थिए। यसलाई प्रभावकारी ढङ्गले परिचालन गरी भन्सार जाँचपासलाई सरल गर्न यस कार्यालयको आवश्यकता महसुस भएको र बिद्यमान जनशक्तिले कार्य सम्पादन गर्न कठिनाई समेत परेकोले थप जनशक्ति सहितको छुट्टै कार्यालय स्थापन गर्न लागिएको हो।

## निजामती सेवा दिवस भव्यरुपमा मनाइयो

भन्सार कार्यालयहरूले भदौ २२ गतेका दिन निजामती सेवा दिवस विभिन्न कार्यक्रमका साथ मनाएका छन्। यसै सिलसिलामा नेपालगन्ज भन्सार कार्यालयले पनि निजामती सेवा दिवस भव्य रुपमा मनाएको समाचार प्राप्त भएको छ। कार्यक्रम मनाउने क्रममा प्रमुख भन्सार अधिकृत विनोद बहादुर कुँवरले सेवाग्राहीहरूको काम छिटो छरितो रुपमा सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दै सेवाग्राहीलाई पनि व्यापार व्यवसाय गर्दा कानुनी मार्ग अवलम्बन गरी राजस्व असुलीमा योगदान पुर्‍याउन आग्रह गर्नु भयो। निजामती सेवा दिवसका दिन भन्सार परिसरमा प्रथम सेवाग्राही विजय मोर्टस प्रा.लि.का प्रतिनिधि राजेन्द्र व्यान्जुलाई फूलमाला लगाई अभिनन्दन गरियो। उक्त अवसरमा भन्सार अधिकृत श्याम पाण्डेले प्रथम सेवाग्राहीको स्वागत गर्दै कार्यालयको राजस्व सङ्कलनमा विजय मोर्टसको योगदानको चर्चा गर्नु भयो। अभिनन्दित व्यान्जुले कार्यालयको काम र कार्यप्रणालीबाट आफू सन्तुष्ट रहेको बताउनु भयो।

चोरी पैठारी वा चोरी निकासी गर्नु अपराध हो, यस्तो कार्य हामी कसैले नगरौँ। यस्तो अपराध गरेको कसैले थाहा पाएमा भन्सार कार्यालय वा राजस्व अनुसन्धान विभागमा सूचना दिई असल नागरिकको कर्तव्य निर्वाह गरौँ। भन्सार विभाग

# भन्सार पदाधिकारीहरूद्वारा भारतीय कस्टमस पोर्टहरूको अवलोकन

भारतीय भन्सार प्रशासनको निमन्त्रणामा भन्सार प्रशासनका अधिकारीहरूबाट सेप्टेम्बर १४ देखि १८ सम्म भारतको पश्चिम बङ्गाल राज्यका विभिन्न क्षेत्रको अवलोकन भ्रमण सम्पन्न भएको छ। कोलकाता अन्तराष्ट्रिय विमानस्थलको यात्रु तथा कार्गो जाँच पास प्रणाली, दूर्गापुर सुक्खा वन्दर्गाह भन्सार, भारत बङ्गलादेश सीमानाको पेट्रापोल सीमा शुल्क कार्यालय र कोलकाता डक क्षेत्रको अवलोकन भ्रमण लगायत विश्व व्यापार सङ्गठनको वस्तु मूल्याङ्कन पद्धतिको भारतीय अनुभव आदान प्रदानको यस कार्यक्रममा भन्सार विभागका उपमहानिर्देशक लवराज श्रेष्ठ, त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक मुक्तिनारायण पौडेल, वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत केवल प्रसाद भण्डारी, सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत हरिशरण पुडासैनी, मेची भन्सार कार्यालयका प्रमुख डा. ज्ञानुराजा श्रेष्ठ र विराटनगर भन्सार कार्यालयका प्रमुख मित्रलाल रेग्मी सहभागी हुनुहुन्थ्यो।



कोलकाता विमानस्थलको कार्गो व्यवस्थापन र जाँचपास प्रणाली अत्यन्त आधुनिक रहेको, पेट्रापोल सीमा शुल्क कार्यालयको कार्य प्रणाली अवलोकनबाट कार्यचाप र ढुवानी साधन व्यवस्थापन, कोलकाता डकको अवलोकनबाट तेस्रो मुलुकबाट नेपाल आउने मालवस्तुको व्यवस्थापनको कठिनाइ र यो कठिनाइलाई भविष्यमा




दुर्गापुर सुक्खा बन्दरगाहको उपयोगको संभावना समेतको अध्ययन गरिएको हुँदा समष्टिमा यो अवलोकन भ्रमणको कार्यक्रम अति उपलब्धिमूलक रहेको सहभागीहरूले बताउनु भयो।

अवलोकन भ्रमणका क्रममा नेपाल तथा भारतका भन्सार पदाधिकारीहरूबीच आपसी सहयोग र समन्वय तथा सीमापार अपराध नियन्त्रणमा भएका गतिविधिहरूको छलफल भएको र भविष्यमा यसलाई अझ सुदृढ बनाउँदै लैजाने प्रतिवद्धता व्यक्त गरिएको समेत सहभागिहरूले बताउनुभयो।

# भन्सार प्रशासनको कार्यसम्पादन उत्साहप्रद

भन्सार प्रशासन चालू आर्थिक वर्षको भाद्र महिना सम्ममा भन्सार प्रशासनको कार्यसम्पादन सन्तोषजनक देखिएको छ। भन्सार प्रशासनले भाद्र महिनाको कुल राजस्व सङ्कलनको लक्ष्यको तुलनामा एक सय तीस प्रतिशत र भाद्र महिनासम्मको लक्ष्यको तुलनामा एक सय एकतीस प्रतिशत प्रगति हासिल गर्न सफल भएको छ। यो प्रगति वार्षिक लक्ष्यको तुलनामा करिब अठार प्रतिशतमा रहेको छ जसलाई चालू आर्थिक वर्षको राजस्व आवश्यकताको आधारमा कायम गरिएको महत्त्वाकाङ्क्षी राजस्व लक्ष्यको तुलनामा अतिनै धेरै सन्तोषजनक मान्नु पर्ने धारणा भन्सार प्रशासकहरूको रहेको छ। गत आर्थिक वर्ष भन्सार प्रशासनले राज्यको कुल राजस्व सङ्कलनको करिब पचास प्रतिशत राजस्व सङ्कलन गरेको थियो।भाद्र महिनासम्मको भन्सार प्रशासनले गरेको राजस्व सङ्कलनको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ।

**आ.ब. २०६५।६६ र २०६६।६७ भाद्र महिनाको (प्रारम्भिक) शीर्षकगत राजस्व असूली बिवरण** रु."०००"

| सि.नं. | राजस्व शिर्षक | आ.व. २०६६।६७ को वार्षिक लक्ष्य | आ.व.२०६५।६६ को असुली | | आ.व. ०६६।६७ भाद्रको | | आ.व. ०६६।६७ भाद्र महिनासम्मको | | असुली प्रतिशत | | | गत आ.व.को तुलनामा प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | भाद्र महिनाको | भाद्र महिनासम्मको | लक्ष्य | असुली | लक्ष्य | असुली | वार्षिकक्ष्यमा भाद्र म्मको | भाद्रको लक्ष्यमा | भाद्र सम्मको लक्ष्यमा | |
| भन्सार तर्फको असुली | (क) निकासी | 1000000 | 14690 | 21363 | 19374 | 24369 | 29386 | 59828 | 5.98 | 125.78 | 203.59 | 280.05 |
| | (ख) पैठारी | 28125740 | 1739804 | 3016311 | 2131507 | 2717283 | 3776329 | 4852759 | 17.25 | 127.48 | 128.50 | 160.88 |
| | (ग) कृषि सुधार शुल्क | 350000 | 28943 | 69486 | 14007 | 30190 | 44884 | 61335 | 17.52 | 215.54 | 136.65 | 88.27 |
| | (घ) अन्य | 250000 | 9066 | 15042 | 11439 | 22407 | 19475 | 41511 | 16.60 | 195.88 | 213.14 | 275.97 |
| | **जम्माः–** | **29725740** | **1792503** | **3122202** | **2176327** | **2794249** | **3870075** | **5015433** | **16.87** | 128.39 | 129.60 | 160.64 |
| | (ङ) DRP Refund | 3400000 | 217684 | 333971 | 200000 | 186917 | 200000 | 326958 | 9.62 | 93.46 | 163.48 | 97.90 |
| १ | **भन्सार राजस्व जम्माः–** | **33125740** | **2010187** | **3456173** | **2376327** | **2981166** | **4070075** | **5342391** | 16.13 | 125.45 | 131.26 | 154.58 |
| २ | VAT (मु.अ.कर) | 34250000 | 2406807 | 4523881 | 2692744 | 3289907 | 5155071 | 6132094 | 17.90 | 122.18 | 118.95 | 135.55 |
| ३ | अन्तःशुल्क | 7290000 | 395482 | 608573 | 563279 | 995259 | 866781 | 1621711 | 22.25 | 176.69 | 187.10 | 266.48 |
| **जम्मा (१,२ र ३)** | | **74665740** | **4812476** | **8588627** | **5632350** | **7266332** | **10091927** | **13096196** | **17.54** | 129.01 | 129.77 | 152.48 |
| ४ | बिशेष शुल्क | | | | | | 0 | 0 | | | | |
| ५ | सडक सुधार शुल्क | | 43607 | 73786 | | 53693 | 0 | 119048 | | | | 161.34 |
| ६ | अन्य कर | | 131 | 241 | | 2139 | 0 | 5902 | | | | 2448.96 |
| **जम्मा (४,५ र ६)** | | **0** | **43738** | **74027** | **0** | **55832** | **0** | **124950** | | | | 168.79 |
| **कुल जम्मा** | | **74665740** | **4856214** | **8662654** | **5632350** | **7322164** | **10091927** | **13221146** | **17.71** | 130.00 | 131.01 | 152.62 |

# आशिकुडा सम्बन्धी तालिम सम्पन्न

राजस्व प्रशासन तालिम केन्द्रले भन्सार विभाग, सूचना प्रविधि शाखाको सहकार्यमा यही भाद्र ३१, २०६६ देखि आश्विन २, २०६६ सम्म भन्सार विभाग र अन्तर्गत कार्यालयहरूमा कार्यरत कम्प्युटर अधिकृत तथा कम्प्युटर अपरेटरहरूको लागि आशिकुडा सम्बन्धी अल्पकालीन तालिम कार्यक्रम, २०६६ को आयोजना गर्यो।भन्सार विभाग, सूचना प्रविधि शाखाको प्राविधिक कक्षमा सञ्चालित सो कार्यक्रम सो शाखाका निर्देशक श्याम दाहालको विशेष रेखदेखमा सञ्चालित भएको थियो।ज्योति कोइरालाको संयोजकत्व र प्रकाश पुडासैनीको सहसंयोजकत्वमा सञ्चालित तालिम कार्यक्रमको शुभारम्भ कार्यक्रममा भन्सार विभागका महानिर्देशक बोधराज निरौलाले कम्प्युटर बटन थिची कार्यक्रमको औपचारिक उद्घाटन गर्नुको साथै तालिमका प्रशिक्षार्थीहरूलाई भन्सार सुधार कार्ययोजना सम्बन्धमा निर्देशनसमेत दिनुभयो। कार्यक्रममा तालिमका संयोजकले स्वागत मन्तव्यका साथै तालिम सम्बन्धमा प्रकाश पार्नु भयो भने भन्सार विभाग, सूचना प्रविधि शाखाका निर्देशक श्याम दाहालले तालिम सम्बन्धमा आफ्नो मन्तव्य दिनु भयो। १२ जना कर्मचारीहरूको सहभागिता रहेको समापन समारोहमा तालिमका सहभागीहरूलाई निर्देशक दाहालले प्रमाणपत्र वितरण गर्नु भयो।

# कन्चनपुर भन्सारद्वारा उचित समन्वय कायम

कन्चनपुर भन्सार कार्यालय सरोकारवाला सबै निकायहरू सँग उचित समन्वय कायम गरि चोरी निकासी पैठारीलाई कडाइका साथ नियन्त्रण गर्दै राजस्व सङ्कलन अभिवृद्धि गर्ने कार्यमा सक्रिय देखिएको छ। कार्यालयबाट सम्पादनहुने नियमित कार्यहरूलाई थप प्रभावकारी बनाई आम सेवाग्राहीहरूको कार्यालयप्रतिको दृष्टिकोण स्वच्छ मर्यादित र उच्च बनाउन समेत कार्यालय प्रतिवद्ध रहेको धारणा कर्मचारीहरू व्यक्त गर्दछन्। प्रभावकारी अन्तरनिकाय समन्वयको परिणामस्वरूप गत आर्थिक वर्ष यस कार्यालयमा अन्य विभिन्न सुरक्षा निकायहरूबाट ५७ वटा चोरी पैठारीका मुद्दा दर्ता भएका थिए। सो अवधिमा भन्सार राजस्व गस्ती (सशस्त्र प्रहरी) बाट ६२ वटा चोरी पैठारीका मुद्दा दर्ता भएका थिए।

## कार्यालय परिचय

### मेची भन्सार कार्यालय

मेची अञ्चल झापा जिल्ला स्थित पूर्व पश्चिम राजमार्गको प्रारम्भ विन्दु मेची नदीको पश्चिम किनारमा मेची नगर नगरपालिका वडा नं.-१० काकरभिट्टामा अवस्थित मेची भन्सार कार्यालय भद्रपुर मुल भन्सार कार्यालयलाई विस्थापित गरी २०३१ सालमा स्थापना भएको हो । यस कार्यालयको परिसर आफ्नै स्वामित्वमा रहेको करिव ११ विगाहा जग्गामा फैलिएको छ ।

यस अन्तर्गत क्रमशः गाडागल्ली, बाँहुनडागी, नकलबन्दा, सतिघट्टा, भद्रपुर, केचना, महाभारा, पन्थपाडा, घेरावारी, डागीवारी, झापा र गौरीगञ्जमा समेत गरी १२ वटा छोटी भन्सार कार्यालयहरु रहेका छन् । उक्त छोटी भन्सार कार्यालयहरु मध्ये बाँहुनडागी, नकलबन्दा, भद्रपुर, केचना, झापा र गौरीगञ्ज समेत जम्मा ६ वटा चालु अवस्थामा रही नियमित रुपमा राजस्व असुली समेत भइरहेको छ । बाँकी ६ वटा व्यवसायिक कारोवारको अभाव, सुरक्षा व्यवस्था र भौतिक पूर्वाधारको अभाव समेतको कारणबाट संचालन नभएको अवस्था छ ।

नेपाल र भारतको सीमा मेची नदीमा अवस्थित मेची पुलले पश्चिम बंगालको पानीटयाङ्की नाकासंग जोडेको छ भने भारतको भूभाग फुलबारी हुदै करिव ४५ कि.मि.को दुरिमा वंगलादेशको सीमा बंगलाबन्ध र भुटानलाई भारतीय भूभाग जयगाऊँ हुदै करिव २०० कि.मि.को दुरीमा भुटानको सीमा फुन्चिलिङ्ग संग जोडेको पाइन्छ । अतः भारत, बंगलादेश, भुटान संग मालवाहक सवारी साधन (ट्रक) को माध्यमबाट व्यापारिक सामानको ढुवानी हुने गरेको छ । नेपालले समुन्द्रपार व्यापारका लागि उपयोग गरी रहेको कलकत्ता सामुन्द्रिक बन्दरगाहा नेपालको प्रमुख सीमानाकाहरु मध्ये सबैभन्दा छोटो दुरिमा यस भन्सार कार्यालय रहेकोले यस नाकाको बढी व्यवसायिक सम्भाव्यता रहेको देखिन्छ

यस कार्यालयको नाकाबाट विषेशत पूर्वाञ्चल क्षेत्र तथा मुलुकका विविध स्थानबाट उत्पादित कृषिउपजहरु अदुवा, चिया, कुचो(अमलिसो), तरकारी, फलफूल तथा जडिबुटी र अन्नवालीहरु गहु, दाल, तथा गहुको चोकर प्रमुख रुपमा निकासी हुने गरेको छ । जसकोकारण कृषि उत्पादनमा प्रोत्साहन भई कृषकहरुको जीवनस्तर उकास्न यस नाकाको योगदान रहेको छ । त्यसको अलावा र अन्य औद्योगिक उत्पादनका सामाग्रीहरु चाउचाउ, जस्तापाता, पाईप, हस्तकलाका वस्तुहरु समेतको निकासीको कारोवार बहुपक्षीय रुपमा बढदो क्रममा रहेको पाइन्छ । यस कार्यालय मार्फत आ.व.०६५।६६ श्रा.आ.मा भारतबाट प्रमुख वस्तुहरुको रुपमा खैरो सिमेन्ट, सिमेन्ट क्लिङ्कर, दाल, भुटानबाट खैरो सिमेन्ट, पत्थर कोइला, जिप्सम र वंगलादेशबाट व्याट्री, होजियारी तथा कट्राईज कपडा प्रमुख रुपमा पैठारी भएको देखिन्छ भने कुल राजस्व असुली मध्ये मुख्य हिस्सा ओगट्ने सुपारी दक्षिण पूर्वी ऐशियाली मुलुकहरुबाट पैठारी हुने गर्दछ।

**भन्सार विभागको विद्युतीय सम्पर्क**

http:\www.customs.gov.np

| | |
|---|---|
| dg@customs.gov.np | it@customs.gov.np |
| ddg@customs.gov.np | inspect@customs.gov.np |
| valuation@customs.gov.np | account@customs.gov.np |
| tariff@customs.gov.np | admin@customs.gov.np |
| lab@customs.gov.np | crm@customs.gov.np |
| stat@customs.gov.np | drp@customs.gov.np |

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्स:४२५९८०८